# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४५) काठमाडौं, चैत २६ गते २०५२ साल (अतिरिक्ताङ्क ५२ (क)

## भाग ३

### श्री ५ को सरकार

### परराष्ट्र मन्त्रालयको सूचना

**संयुक्त राष्ट्रसंघ पार्क विकास समिति (गठन) आदेश २०५२**

विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायको आदेश जारी गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस आदेशको नाम संयुक्त राष्ट्रसंघ पार्क विकास समिति (गठन) आदेश, २०५२ रहेको छ ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस आदेशमा,–

(क) "समिति" भन्नाले दफा ३ बमोजिम गठन भएको संयुक्त राष्ट्रसंघ पार्क विकास समिति सम्झनुपर्छ ।

(ख) "अध्यक्ष" भन्नाले समितिको अध्यक्ष सम्झनुपर्छ ।

(ग) "सदस्य" भन्नाले समितिको सदस्य सम्झनु पर्छ र सो शब्दले समितिका अध्यक्ष, सह-अध्यक्ष तथा सदस्य-सचिवलाई समेत जनाउँछ ।

(घ) "गुरु योजना" भन्नाले दफा ५ को खण्ड (ङ) बमोजिम तयार गरिने गुरु योजना सम्झनुपर्छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ङ) "पार्क" भन्नाले संयुक्त राष्ट्रसंघको पचासौं वार्षिकोत्सवको उपलक्ष्यमा गुरु योजनाबमोजिम निर्माण गरिने संयुक्त राष्ट्रसंघ पार्क सम्झनुपर्छ ।

(च) "पार्क निर्माण" भन्नाले गुरु योजनाबमोजिम पार्क क्षेत्रमा निर्माण गरिने ढल, ल्याण्ड स्केपिङ, तटबन्ध, सडक, हरित पेटी, स्मारक सम्झनुपर्छ र सो शब्दले पार्क क्षेत्रभित्र गरिने सांस्कृतिक सम्पदाको संरक्षण र विश्व शान्तिको लागि शहीद भई योगदान पुर्‍याएका नेपालीहरूको सम्झनामा पार्क क्षेत्रभित्र निर्माण गरिने स्मारकसमेतलाई जनाउँछ ।

(छ) "तोकिएको" वा "तोकिएबमोजिम" भन्नाले यस आदेशअन्तर्गत बनेको नियममा तोकिएको वा तोकिएबमोजिम सम्झनुपर्छ ।

३. समिति गठनः (१) संयुक्त राष्ट्रसंघको पचासौं वार्षिकोत्सवको उपलक्ष्यमा संयुक्त राष्ट्रसंघ पार्क निर्माण तथा संचालन गर्नको लागि संयुक्त राष्ट्रसंघ पार्क समिति नामको एक समिति गठन गरिएको छ ।

(२) उपदफा (१) बमोजिमको समितिमा देहायबमोजिमका सदस्यहरू रहने छन्:–

| | |
|---|---|
| (क) परराष्ट्र मन्त्री | अध्यक्ष |
| (ख) जनसंख्या तथा वातावरण मन्त्री | सह-अध्यक्ष |
| (ग) सांसद श्री पद्मरत्न तुलाधर | सदस्य |
| (घ) सांसद श्री ओमकारप्रसाद श्रेष्ठ | सदस्य |
| (ङ) सांसद श्री रमेशनाथ पाण्डे | सदस्य |
| (च) श्री जोगमेहर श्रेष्ठ | सदस्य |
| (छ) सचिव, युवा, खेलकूद तथा संस्कृति मन्त्रालय | सदस्य |
| (ज) सचिव, जलस्रोत मन्त्रालय | सदस्य |
| (झ) श्री हिमालयशम्सेर राणा | सदस्य |
| (ञ) सुश्री इन्दिरा राणा | सदस्य |
| (ट) डा. प्रभा बस्नेत | सदस्य |
| (ठ) प्रमुख, काठमाडौं महानगरपालिका | सदस्य |
| (ड) प्रमुख, ललितपुर उप-महानगरपालिका | सदस्य |
| (ढ) प्रतिनिधि, जनसंख्या तथा वातावरण मन्त्रालय | सदस्य |
| (ण) प्रतिनिधि, शिक्षा मन्त्रालय | सदस्य |
| (त) प्रतिनिधि, गृह मन्त्रालय | सदस्य |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

526

(थ) प्रतिनिधि, रक्षा मन्त्रालय — सदस्य

(द) प्रतिनिधि, आवास तथा भौतिक योजना मन्त्रालय — सदस्य

(ध) प्रतिनिधि, भूमिसुधार तथा व्यवस्था मन्त्रालय — सदस्य

(न) प्रतिनिधि, परराष्ट्र मन्त्रालय — सदस्य

(प) प्रतिनिधि, स्थानीय विकास मन्त्रालय — सदस्य

(फ) प्रतिनिधि, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय — सदस्य

(ब) प्रतिनिधि, निर्माण तथा यातायात मन्त्रालय — सदस्य

(भ) प्रतिनिधि, राष्ट्रिय योजना आयोगको सचिवालय — सदस्य

(म) प्रतिनिधि, पुरातत्व विभाग — सदस्य

(य) प्रतिनिधि, शाही नेपाली जंगी अड्डा — सदस्य

(र) प्रतिनिधि, प्रहरी प्रधान कार्यालय — सदस्य

(ल) प्रतिनिधि, गुठी संस्थान — सदस्य

(व) सदस्य, काठमाडौं महानगरपालिका (पार्क क्षेत्र रहेको वडाबाट निर्वाचित) — सदस्य

(श) सदस्य, ललितपुर उप-महानगरपालिका (पार्क क्षेत्र रहेको वडाबाट निर्वाचित) — सदस्य

(ष) अध्यक्ष, नेपाल उद्योग वाणिज्य संघ — सदस्य

(स) अध्यक्ष, जगनन्द प्रकाशेश्वर र पञ्चायन समिति — सदस्य

(ह) अध्यक्ष, बागमती बचाउ अभियान — सदस्य

(क्ष) सचिव, आवास तथा भौतिक योजना मन्त्रालय — सदस्य-सचिव

(३) श्री ५ को सरकारले आवश्यक देखेमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी समितिका सदस्यहरूमा आवश्यक थपघट वा हेरफेर गर्न सक्नेछ ।

(४) समितिले आवश्यक देखेमा श्री ५ को सरकारको कुनै अधिकृत वा अन्य कुनै विशेषज्ञलाई समितिको बैठकमा पर्यवेक्षकको रूपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

४. समितिको उद्देश्यः संयुक्त राष्ट्रसंघको पचासौं वार्षिकोत्सवको उपलक्ष्यमा काठमाडौंको शंखमूलदेखि टेकूसम्मको बागमतीको किनारामा संयुक्त राष्ट्रसंघ पार्क निर्माण गरी सुव्यवस्थित रूपमा सञ्चालन गर्नु समितिको उद्देश्य हुनेछ।

५. समितिको काम, कर्तव्य र अधिकारः समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

(क) शंखमूलदेखि टेकू दोभानसम्मको क्षेत्रमा पार्क क्षेत्रको सीमांकन गरी सो क्षेत्रमा पार्क निर्माण गरी सुव्यवस्थित रूपले सञ्चालन गर्ने ।

(ख) खण्ड (क) बमोजिम सीमांकन गरेको क्षेत्रको जग्गा नापीको नक्शा र स्रेस्ताबाट ऐलानी, पर्ती, बाटो वा वागमती नदी र सो को बहाव लगापात भित्र पर्ने रहेछ भने उक्त जग्गा सोही स्थितिमा छ वा कसैले दर्ता गराई वा नगराई भोगचलन घरवास समेत गरेको छ वा छैन नाप जाँच नक्शा गराई छुट्याउने ।

(ग) खण्ड (ख) बमोजिमको जग्गा बिना दर्ता भोगचलन गरेको र घर बनाई बसोबास गरेको रहेछ भने त्यस्तो व्यक्तिलाई उक्त जग्गा छाड्न र घर उठाई लैजान पन्ध्र दिनसम्मको म्याद दिई पन्ध्र दिनपछि पार्क निर्माणको लागि जग्गा कब्जा गरी लिन श्री ५ को सरकार आवास तथा भौतिक योजना मन्त्रालयमा पेश गरी निर्णय भई आएबमोजिम गर्ने ।

(घ) खण्ड (ख) बमोजिमको जग्गा कसैले आफ्नो नाउँमा दर्ता गराइसकेको रहेछ भने सो दर्ता गराएको आधार प्रमाण पेश गर्न दर्तावालालाई पन्ध्र दिनको म्याद दिने । माल अड्डा, गुठी संस्थान वा तत्काल प्रचलित कानून-बमोजिम अधिकार प्राप्त अधिकारी वा निकायले त्यस्तो जग्गा दर्ता गरी दिएको रहेछ भने जग्गा प्राप्ति ऐन, २०३४ बमोजिम त्यस्तो जग्गा प्राप्त गर्ने र कानूनबमोजिम रीत नपुऱ्याई त्यस्तो जग्गा दर्ता भएको रहेछ भने त्यस्तो दर्ता बदरको लागि विवरण सहित श्री ५ को सरकार आवास तथा भौतिक योजना मन्त्रालयमा पेश गरी निर्णय भै आएबमोजिम गर्ने ।

(ङ) पार्क निर्माणको लागि गुरु योजना तयार गर्ने ।

(च) गुरु योजनाभित्र विश्व शान्तिको निमित्त शहीद भएका नेपालीहरूको सम्झनामा एउटा स्मारक निर्माण गर्ने ।

(छ) गुरु योजना समन्वयात्मक तरिकाले कार्यान्वयन गर्ने, गराउने ।

(ज) गुरु योजनाको कार्यान्वयन गर्ने, निरीक्षण गर्ने र निर्देशन दिने तथा अनुगमन र मूल्याङ्कन गर्ने ।

(झ) पार्क निर्माण क्षेत्रमा वृक्षारोपण, सडक निर्माण, तटबन्ध निर्माण आदि काममा सम्बन्धित मन्त्रालयबाट सहयोग प्राप्त गर्ने ।

(ञ) निर्माण कार्यको लागि आवास तथा भौतिक योजना मन्त्रालय तथा श्री ५ को सरकारको अन्य निकायबाट प्राविधिक कर्मचारी काजमा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

ल्याई सहयोग प्राप्त गर्ने र सो कामको लागि आवश्यकतानुसार अन्य प्राविधिकहरूको समेत सहयोग र सल्लाह लिने ।

(ट) पार्क निर्माण सम्बन्धमा आवास तथा भौतिक योजना मन्त्रालय, जग्गा जमिनको सम्बन्धमा भूमिसुधार तथा व्यवस्था मन्त्रालय, बाटो निर्माण, बुलडोजर लगायत आवश्यक उपकरणहरूको सम्बन्धमा निर्माण तथा यातायात मन्त्रालय, वृक्षारोपणको सम्बन्धमा वन तथा भू-संरक्षण मन्त्रालय, तटबन्ध निर्माण र नदी नियन्त्रणको सम्बन्धमा जलस्रोत मन्त्रालय र सांस्कृतिक सम्पदा संरक्षणको सम्बन्धमा युवा, खेलकूद तथा संस्कृति मन्त्रालयबाट सक्रिय सहयोग प्राप्त गर्ने ।

(ठ) पार्क निर्माण र सञ्चालनको सम्बन्धमा आवश्यक अन्य कार्यहरू गर्ने ।

६. समितिको बैठक र निर्णयः (१) समितिको बैठक समितिको अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ र बैठक बस्ने सूचना कम्तीमा दुई दिन अगावै सदस्यहरूलाई दिनुपर्नेछ । आवश्यक परेमा समितिको आकस्मिक बैठक पनि बस्न सक्नेछ । यसको निमित्त उपयुक्त साधनद्वारा सूचना दिनुपर्नेछ ।

(२) सदस्य-सचिवले यथासंभव समितिको बैठकमा छलफल हुने विषय-सूची पनि सदस्यहरूलाई उपलब्ध गराउनुपर्नेछ ।

(३) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र अध्यक्षको अनुपस्थितिमा सह-अध्यक्ष र निज दुवैको अनुपस्थितिमा उपस्थित सदस्यहरूले आफूमध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(४) समितिको कुल सदस्य संख्याको पचास प्रतिशत सदस्यहरू उपस्थित भएमा बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ । गणपूरक संख्याको अभावमा बैठक हुन नसकेमा अर्को पटक बस्ने बैठकमा समितिको कुल सदस्य संख्याको पच्चीस प्रतिशत सदस्यहरू उपस्थित भए पनि गणपूरक संख्या पुगेको मानिनेछ ।

(५) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

(६) समितिको निर्णय सदस्य-सचिवद्वारा प्रमाणित गरिनेछ ।

(७) समितिको बैठकसम्बन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गरेबमोजिम हुनेछ ।

७. समितिको कार्य क्षेत्रः समितिले दफा ५ बमोजिमको कार्य गर्दा देहाय बमोजिमको कार्यक्षेत्र रहनेछः–



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) शंखमूलदेखि टेकू दोभानसम्मको वागमती क्षेत्र ।

(ख) समितिको सिफारिशमा श्री ५ को सरकारको स्वीकृति भएपछि थप हुन आउने वागमती क्षेत्र ।

८. समन्वय र स्वीकृतिः (१) समितिले आफ्नो कार्य सञ्चालन गर्दा सम्बन्धित निकायहरूसँग समन्वय राखी काम गर्नुपर्नेछ ।

(२) पार्क क्षेत्रभित्र गुरु योजनालाई प्रभाव पार्ने गरी अरू व्यक्ति वा निकायले केही गर्नुपरेमा समितिको सहमति लिएर मात्र गर्नुपर्नेछ ।

९. समितिको कोषः (१) समितिको आफ्नो छुट्टै कोष हुनेछ ।

(२) उपदफा (१) बमोजिम कोषमा देहायका रकमहरू रहनेछन्:–

(क) श्री ५ को सरकारबाट अनुदान स्वरूप प्राप्त रकम ।

(ख) विदेशी सरकार तथा अन्तर्राष्ट्रिय सङ्घ संस्थाबाट प्राप्त सहयोग, अनुदान तथा ऋण ।

(ग) स्वदेशी विदेशी, निजी सङ्घ संस्था वा व्यक्तिबाट प्राप्त दान दातव्य तथा उपहार ।

(घ) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

(३) उपदफा (२) को खण्ड (ख) बमोजिम समितिले सहयोग, अनुदान तथा ऋण प्राप्त गर्नु अघि श्री ५ को सरकारको पूर्व स्वीकृति लिनुपर्नेछ ।

(४) समितिको तर्फबाट गरिने सम्पूर्ण खर्च उपदफा (१) बमोजिमको कोषमा जम्मा भएको रकमबाट व्यहोरिनेछ ।

(५) समितिको कोषमा रहने रकम नेपाल अधिराज्यको कुनै वाणिज्य बैङ्कमा खाता खोली जम्मा गरिनेछ ।

(६) समितिको कोषको सञ्चालन तोकिए बमोजिम हुनेछ ।

१०. समितिको लेखा र लेखा परीक्षण : (१) समितिको आय–व्ययको लेखा प्रचलित कानूनबमोजिम राख्नु पर्नेछ ।

(२) समितिको लेखा परीक्षण महालेखा परीक्षकको विभाग वा सो विभागले तोकेको लेखापरीक्षकबाट हुनेछ ।

(३) श्री ५ को सरकारले समितिको आय–व्ययको लेखा तत्सम्बन्धी कागजात र समितिको अरू सबै नगदी, जिन्सी जुनसुकै बखत जाँच गर्न वा गराउन सक्नेछ ।

११. कार्यकारी निर्देशकको नियुक्तिः (१) समितिको प्रशासकीय प्रमुखको रूपमा दैनिक कार्य सञ्चालनको लागि श्री ५ को सरकारले कार्यकारी निर्देशक नियुक्त गर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
५६०

(२) उपदफा (१) बमोजिम नियुक्त कार्यकारी निर्देशकको पदावधि चार वर्षको हुनेछ र निजको पुनः नियुक्ति हुन सक्नेछ ।

(३) कार्यकारी निर्देशकको पारिश्रमिक, सेवाको शर्त, सुविधा र काम, कर्तव्य तथा अधिकार तोकिएबमोजिम हुनेछ ।

१२. कर्मचारीसम्बन्धी व्यवस्थाः (१) समितिले आफ्नो कार्य सञ्चालनको लागि आवश्यक कर्मचारी नियुक्त गर्न र श्री ५ को सरकार तथा अन्य निकायको पूर्व स्वीकृति लिई श्री ५ को सरकार तथा अन्य निकायबाट काजमा ल्याउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम कर्मचारीहरूको पारिश्रमिक, सेवाको शर्त र अन्य सुविधा तोकिएबमोजिम हुनेछ ।

१३. उप-समिति गठन गर्न सक्नेः (१) समितिले आफ्नो कार्य सञ्चालनको लागि आवश्यक उप-समितिहरू गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठित उप-समितिको काम, कर्तव्य, अधिकार तथा कार्यविधि समितिले तोकेबमोजिम हुनेछ ।

१४. अधिकार प्रत्यायोजनः समितिले आफूलाई प्राप्त अधिकारमध्ये केही अधिकार अध्यक्ष, सह-अध्यक्ष, सदस्य-सचिव, उप-समिति, सदस्य वा समितिको अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

१५. बैठक भत्ता तथा अन्य सुविधाः समितिका सदस्यहरूले तोकिएबमोजिम बैठक भत्ता तथा अन्य सुविधा पाउने छन् ।

१६. श्री ५ को सरकारसँग सम्पर्कः समितिले श्री ५ को सरकारसँग सम्पर्क राख्दा आवास तथा भौतिक योजना मन्त्रालयमार्फत् राख्नुपर्नेछ ।

१७. निर्देशन दिन सक्नेः समितिको कामसँग सम्बन्धित विषयमा श्री ५ को सरकारले समितिलाई समय-समयमा आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु समितिको कर्तव्य हुनेछ ।

१८. नियमहरू बनाउन सक्नेः यस आदेश पूर्तिको लागि समितिले आवश्यक नियमहरू बनाउन सक्नेछ र त्यस्तो नियम श्री ५ को सरकारबाट स्वीकृत भएपछि मात्र लागू हुनेछ ।

१९. समितिको कार्यालयः समितिको कार्यालय काठमाडौं उपत्यकामा रहनेछ ।

आज्ञाले,
केदारभक्त श्रेष्ठ
श्री ५ को सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।